अनुसूची २

(दफा ४ तथा अनसूची १ को भाग १ सँग सम्बन्धित)


चौरजहारी नगरपालिका

स्थानीय राजपत्र

खण्ड : १० | सङ्ख्या : ३ | मिति : २०८३-०३-२१

भाग – २

चौरजहारी नगरपालिका

प्रकाशन मिति : २०८३-०३-२५


## व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ प्रथम संशोधन २०८३

| परिच्छेद / दफा / उपदफा / खण्ड | कार्यविधिमा भएको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| परिच्छेद-४ को दफा (१५) | दफा र उपदफा नभएकोले थप गर्नुपर्ने | **१५.१ व्यवसाय करको अभिलेख र प्रमाण:** (१) उद्योग तर्फ ३ लाखभन्दा माथि र वाणिज्यतर्फ १० लाख भन्दा माथिका उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय वा सोभन्दा माथिल्लो निकायमा दर्ता भएका व्यवसायीबाट नगरपालिकाको आर्थिक ऐन बमोजिम व्यवसाय कर तिर्नुपर्ने छ ।<br>(२) उपदफा १ बमोजिमको व्यवसाय करका लागि नगरपालिका कार्यालयले अभिलेखीकरण प्रमाणपत्र प्रदान गर्नुपर्ने छ । | नगरपालिकाको भौगोलिक क्षेत्र बाहिर व्यवसाय दर्ता भएर चौरजहारी नगरपालिका भित्र व्यवसाय गर्ने व्यवसायीहरूबाट व्यवसाय कर संकलन गर्ने प्रयोजनका लागि अभिलेखीकरण र प्रमाणपत्रको ढाँचाको व्यवस्था नभएको |

चौरजहारी नगरपालिका

| परिच्छेद / दफा / उपदफा / खण्ड | कार्यविधिमा भएको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| | | (३) उपदफा २ बमोजिम व्यवसायकर अभिलेखीकरण प्रमाणपत्र अनुसूची-८ बमोजिम हुनेछ । | |

चौरजहारी नगरपालिका

अनुसूची-८

(दफा १५.१ को उपदफा (२) र (३) सँग सम्बन्धित)

**व्यवसाय दर्ता प्रमाणपत्रको ढाँचा**

करदाता नं..................... मिति : ...............................

प्रमाणपत्र नं...................

श्री ....................................

.........................................

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८,चौरजहारी नगरपालिका व्यवसाय कर सम्बन्धी कार्यविधि २०७६ को दफा १५ (२) (३) बमोजिम तपाई खर्क बहादुर खड्काले व्यवसाय दर्ताका लागि मिति २०८३÷०२÷०३ गते दिएको निवेदनका आधारमा यस नगरपालिका भित्र .................................... वस्तुको कारोबार गर्न नगरपालिकाको प्रत्येक आर्थिक वर्षको आर्थिक ऐन बमोजिम लाग्ने व्यवसाय कर बुझाउने र चौरजहारी नगरपालिका वडा नं. .................. कार्यक्षेत्र रहनेगरी रु ................................ ..........................) कुल पुजी रहेको व्यवसाय दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

| | | |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| तयार गर्ने | मिति | प्रमाणित गर्ने |

<u>शर्तहरु</u>

१. प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि प्रचलित कानुन बमोजिम व्यवसाय कर बुझाई प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ ।

२. व्यवसायको नाम, ठेगाना, स्वामित्व, प्रकृति वा सञ्चालन स्थान परिवर्तन भएमा ३५ दिनभित्र नगरपालिकालाई जानकारी गराउनुपर्नेछ ।

३. प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानुन, नियम, मापदण्ड तथा चौरजहारी नगरपालिकाका निर्णयहरूको पूर्ण पालना गर्नुपर्नेछ ।

४. वातावरण संरक्षण, सरसफाइ, फोहोरमैला व्यवस्थापन तथा सार्वजनिक स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेछ ।

५. नगरपालिकाबाट खटिएका कर्मचारी वा अनुगमन टोलीलाई आवश्यक विवरण उपलब्ध गराई अनुगमनमा सहयोग गर्नुपर्नेछ ।

६. व्यवसाय कर नबुझाएमा वा झुट्टा विवरण पेश गरी प्रमाणपत्र प्राप्त गरेको पाइएमा प्रचलित कानुन बमोजिम प्रमाणपत्र रद्द गर्न तथा कानुनी कारबाही गर्न सकिनेछ ।

चौरजहारी नगरपालिका

## व्यवसाय दर्ता / नविकरण

| नवीकरण गरेको मिति | नवीरकण पछी बहाल रहने मिति | बुझाएको दस्तुर रु | रसिद नं. / भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

चौरजहारी नगरपालिका

आज्ञाले,
रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत